कीर्तिपुरको चित्रण

काठमाण्डौ जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ५ अंक २६(संयुक्तांक २३१) ने. सं. ११३६ पोहेलागा दशमि बुधवाः २०७२ माघ २० गते बुधवार (Feb3, 2016) मूल्य रु.५/- पृष्ठ १४



India's 1 Playschool Chain

SHEMROCK

SIMRIK



## Admission Open

PreNursery to Kindergarten

Delhi's No. 1 Preparatory School

FEATURES >>

- Well Conceptualized & Child-Friendly Environment
- Unique Shemrock System of Education
- Activity Oriented Shemrock Learning Material
- Theme-based Activities
- Basic Skill Development
- All Round Personality Grooming
- Nutritious & Hygienic Mid-Day Meals
- Stage Exposure, Regular Picnics & Celebrations
- Bright & Colurful School Dress
- Transport Facility with Attendants
- Periodic Health Check Up
- Regular Parents Teachers Interaction
- Caring & Well-Trained Teachers
- Supported by Foreign Qualified Educationists

"First Time Montessori School in Kirtipur"



SHEMROCK

SIMRIK

Int'l Pre-School

Bahiri gaun, Kirtipur - 17

Call: 4330646, 9841353526

## नेपालको लागी आधिकारीक विक्रेता

## MOBILAND ELECTRONIC PVT.LTD.

## WishPOWER

POWERFUL GENSTETS

India's No. 1 Power Gensets Now in Nepal

DEALERS wanted for all over Nepal




contact Resource 9813802830

(2.5 to 125 KVA)

Diesel & Petrol

MOBILAND ELECTRONIC PVT.LTD

Authorized Distributor for Nepal
MOBILAND ELECTRONIC PVT. LTD.
Kirtipur-17, Kathmandu,
Nepal

Contact Numbers
+977 (01) 4332057 (t)

Email: info@mobilandelectronic.com
Web: http://www.mobilandelectronic.com

Address (Branch & Service Center)
Kuleshowr , Kathmandu
Nepal

Toll Free No.: - 16600100022

## कोरियन

भाषा कक्षाहरु संचालन भइरहेका छन्

## VALLEY

Institute Kirtipur

NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509

- दैनिक ३ घण्टा EPS-Topic परीक्षाको लागि तयारी कक्षा र हरेकदिन Class Test को व्यवस्था ।
- Books/CDsहरुको राम्रो व्यवस्था साथै Audio/Visual र Exercise and Question Books को व्यवस्था ।
- EPS-TOPIKको परीक्षालाई मध्यनजर गरी परीक्षामा विद्यार्थीहरुले सामना गर्नु पर्ने सम्भावित समस्याहरुलाई सम्बोधन गर्ने गरी हरेक हप्तामा छुट्टै Full Model Test (Weekly Test)
- नियमित परीक्षाहरुको माध्यमबाट विद्यार्थीहरुको स्तर छुट्याई सोही अनुरुपकोविशेष कक्षाहरुको व्यवस्था
- कमजोर विद्यार्थीहरुले Supporing Class अनिवार्य रुपमा लिने व्यवस्था
- विगतका वर्षहरुमा विद्यार्थीहरुलाई सर्वाधिक उत्तीर्ण गराउन सफल

यसपाली चाहिं

## जसरी

पनि जाऔं है

## कोरिया

# कीर्तिपुरको सांस्कृतिक सम्पदा जगेर्ना तथा पर्यटन विकासमा न.पा.को भूमिका



बज्रमुनि बज्राचार्य

***गत पौष २९ गते कीर्तिपुर नगरपालिकाले "कीर्तिपुरको सांस्कृतिक सम्पदा जगेर्ना तथा पर्यटन विकासमा नगरपालिकाको भूमिका" विषयमा अन्तरक्रिया कार्यक्रम भएको थियो । उक्त विषयमा उपप्राध्यापक बज्रमुनि बज्राचार्यले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यपत्र यहाँ प्रस्तुत गरिएको छ । यसको बारेमा कुनै टिका टिप्पणी भए आफ्नो विचार लेख्न सक्नुहुन्छ । हामी प्रकाशित गर्ने छौं । सम्पादक***

**कीर्तिपुरको परिचय**

काठमाडौं सहरबाट करिब ७ कि.मि. दक्षिण पश्चिममा अवस्थित कीर्तिपुर काठमाडौं उपत्यकाको बस्तीहरू मध्ये प्राचीन बस्ती हो । यसको प्राचीन नाम पद्मकाष्ठगिरी, गुँ दे हो । शिवदेव तृतीयले बलबलदेवी ( बःखु) खोलामा बाँध बाँधेर सिँचाईको व्यवस्था गरी कीर्तिपुर सहरको स्थापना गरेका थिए । त्यसबेला देखि यस स्थानको नाम किपू वा कीर्तिपुर रहन गएको हो । मल्लकालको इतिहासमा शिवदेब पछि ने.सं. ६३५ मा ललितपुरको राजा रत्नमल्लले जगतपाल लाई कीर्तिपुर हेर्ने जिम्मा दिएका थिए । जगतपाल वर्माकी पत्नीको माइत पनि कीर्तिपुर नै परेकोले ससुराली सहरलाई राम्रो बनाउन यहाँको मन्दिर बाघभैरब र चिलंच्व जिर्णोद्वार गरी चिलंच्व चैत्यको दक्षिणपट्टि वज्रयानी महाविहारको स्थापना गरी जगतपाल महाविहार नामकरण गरेका थिए । जगतपाल वर्मा ललितपुरको पिम्बहाल निवासी भएकोले पिम्बहालमा विद्यमान रहेको चलं चैत्यको नमुनामा कीर्तिपुरको चिलंच्व चैत्यलाई पनि पुनर्निर्माण गरेका थिए । मल्लकालको इतिहासमा जगतपालभन्दा पहिलाको उल्लेखनीय घटनाहरू कीर्तिपुरको अभिलेखहरूमा देखिदैन ।

ने.सं. ६४५ माघ महिनामा पाल्पाका राजा मणि मुकुन्दसेनले कीर्तिपुरमा युद्ध गरी, आगो लगाई धार्मिक र सांस्कृतिक स्थलहरू नष्ट गरको प्रसङ्ग नारदसंहितामा उल्लेख छ । मल्लकालमा भेटिएको अभिलेख अनुसार सिद्धिनरसिंह मल्लका छोरा श्रीनिवास मल्ल आफ्नो बुवासंग झगडा गरी ४२ दिनसम्म कीर्तिपुरको दरवारमा बस्न आएको थाहा हुन्छ । श्रीनिवास मल्लको सानी आमाको छोरा विश्वनाथ मल्लसँग मिली कीर्तिपुरलाई ललितपुरबाट छुटाएर स्वतन्त्र रूपमा राज्य गरी धार्मिक स्मारकहरू बनाएका देखिन्छ । त्यसपछि योगनरेन्द्र मल्ल राजा भए । उनको पालामा कीर्तिपुरको सिंद्वः टोलमा पिपलको रूख मुनिको शिखर शैलीको लोकेश्वर स्थापना गरेको देखिन्छ । उनको अकाल मृत्यु पश्चात् ललितपुर को ६ प्रधानहरू प्रमुख भई शासन गर्ने क्रममा उनीहरूले नियुक्त गरेका कोत नायकले कीर्तिपुरको प्रशासन सञ्चालन गरेको देखिन्छ । पछि राणाकालमा त्यही प्रशासक द्वारेको रूपमा नियुक्ति गरेको थाहा हुन्छ ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नु अघिका अभिलेखहरू नभेटे पनि मल्लकालको अवस्था बुझ्न सक्ने कीर्तिपुरको दरवारको अवशेष अबस्थित छ । यो बाहेक कीर्तिपुरमा छुट्टै राजा छ भन्ने कुरा अध्ययनको विषय हो । पृथ्वीनारायणले युद्ध गरेको समय कीर्तिपुर ललितपुरको स्वशासित क्षेत्रको रूपमा देखिन्छ । तीन पटकसम्म कीर्तिपुरलाई आक्रमण गर्ने क्रममा पृथ्वीनारायणको भाई सुर प्रताप शाहको आँखा फुटेको र वि.सं. १८१४ जेठ १९ गते प्रधान सेनापति कालुपाण्डेलाई मारेको वीरहरूको भूमिको रूपमा चिनिन्छ । साहित्यमा उल्लेख भए अनुसार पृथ्वी नारायण शाहलाई जनताले काट्न लागेको, कीर्तिपुरका महिलाहरू पनि पुरूषको भेषमा युद्ध गरेर अन्तमा आत्मसमर्पण गरेको उल्लेख छ ।

त्यसैले पृथ्वीनारायण शाहले कीर्तिपुर विजय पश्चात् कीर्तिपुरेहरूको नाक काटी कीर्तिपुरलाई नसकटपुर नामकरण गरेका थिए । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरिसकेपछि सन् १८९९ मा इटालीयन पादरी फादर जिसेपले लेखेको एकाउन्ट अफ दि किंगदम अफ नेपालमा डक्टर माइकल एन्जेलोले सुरप्रतापको आँखामा औषधी गर्ने मात्र होइन युद्धमा घाइते भएका कीर्तिपुरका जनताहरूको पनि औषधी गर्न पाउनु पर्ने कुरा बताउनुको साथै कीर्तिपुरेहरूको नाक काटेको आफू बाटोमा हिड्दा नाक र ओठ नभएका मानिसहरू भेटेको प्रसङ्ग उल्लेख छ । पृथ्वीनारायण शाहले कीर्तिपुरेहरूको नाक काटेको सत्य हुन सक्छ तर सम्पूर्ण कीर्तिपुरेहरूको नाक काटेको भने पछिल्ला इतिहासकारहरूको कल्पना र अतिरञ्जित हुनसक्छ । पछि गएर नाकको तौल कहीं ६ धार्नी, कहीं १८ धार्नी भनी लेखेको भने काल्पनिक बाहेक अरू नहोला भनी अनुमान गर्न सकिन्छ, कारण के भने अर्थशास्त्री माल्थसको सिद्धान्त अनुसार हरेक २० वर्षमा जनसंख्या दोब्बर हुन्छ । यस सिद्धान्तलाई आधार मान्ने हो भने अहिलेको कीर्तिपुर नगरपालिकाको जनसंख्या ६५ हजार ६ सय २ छ । यसलाई २४७ वर्ष अघि वि.सं. १८२५ सालको हिसाब निकाल्दा त्यसबेलाको जनसंख्या चार सय, पाँच सय भन्दा बढि हुँदैन कि भन्ने अनुमान गर्न सकिन्छ । तर त्यसबेला डाँडामा ८ हजार घर भएको उल्लेख गरेको छ । यो गलत हो भन्ने थाहा हुन्छ । विदेशीहरूले लेखेका एक दुई पुस्तकहरू बाहेक कीर्तिपुरको युद्धको इतिहास स्पष्ट छैन । अझ पृथ्वीनारायण शाह भन्दा पहिला, समकाल र पछि पनि कहिं युद्ध सम्बन्धि अभिलेख देखिदैन । त्यसैले कीर्तिपुरको राजनैतिक इतिहास अन्यौलमा परिरहेको छ ।

त्यसपछि वि.सं. १९०३ सालमा जङ्गबहादुर राणाले शक्ति आफ्नो हातमा लिइसकेपछि कीर्तिपुरको मात्रै होइन, नेपालको इतिहास नै सङ्कुचित बनाई दिए । वि.सं. २००७ सालको प्रजातन्त्रपछि पनि कीर्तिपुरको इतिहासमा उल्लेखनीय अभिलेख केही भेटिदैन । वि.सं. २०११ सालमा कीर्तिपुरको जग्गा त्रिविवि सञ्चालन गर्न सरकारले अधिकरण गरेपछि कीर्तिपुरेहरूको जीवनमा आर्थिक, सांस्कृतिक प्रभाव पर्‍यो । २०३६ साल, ४६ साल, ६२/६३ को आन्दोलनमा कीर्तिपुरेहरूले आफ्नो बहादुरता र योगदान गरेको देखिन्छ । २०४६ सालपछि २०५३ साल चैत्र १४ गते कीर्तिपुर नगर पालिका घोषणा भइसकेपछि कीर्तिपुरेहरूको जीवनमा केही परिवर्तन हुन्छ भन्ने सोचेका थिए, तर कीर्तिपुरको जनताहरूको भावना र आशालाई समेट्ने काम नगर पालिकाबाट भएको देखिदैन ।

कीर्तिपुरको राजनैतिक, साहित्यिक, सांस्कृतिक इतिहासको बारे गहन अध्ययन अनुसन्धान नभए पनि जीवित सम्पदा र संस्कृतिको आधारमा भन्नु पर्दा कीर्तिपुरको हरेक पक्षको अध्ययन गर्न सक्ने आधार छ । त्यसैले यस्तो आधारलाई संरक्षण सम्बर्द्धन गर्न सके कीर्तिपुरको बृहद् इतिहास फेला पर्छ भन्नेमा दुई मत नहोला ।

पृथ्वीनारायण शाहले तीन पटक युद्ध गरी वीरता देखाएको राजनैतिक इतिहास भए जस्तै धार्मिक, सांस्कृतिक इतिहासमा पनि कीर्तिपुर अगाडि नै छ । सांस्कृतिक रूपमा बाघभैरव, उमामहेश्वर, चिलंच्वका साथै धारा, पाटी, पौवा, सतल, इनार त्यस्तै विभिन्न जातजातिहरूले संरक्षण गर्दै आइरहेको धाः, धिमे, बासुरी, खिं, कां, नायखिं, नगरा, पछिमा, कीर्तिपुरको विभिन्न जात्रा इन्द्रायणी, बालकुमारी, विष्णुदेवी, बुद्धजयन्ती, सापारू, कृष्णजात्रा, गणेश जात्रा, बाघभैरब जात्रा, दलू जात्रा, नृत्यमा देवी नृत्य, गथु नृत्य, धैं धैं पापा आदि जस्ता सबै कीर्तिपुरका सम्पदाहरू हुन ।

भौगोलिक दृष्टिकोणबाट हेर्ने हो भने समुद्री सतहबाट १४१४ मीटर उचाईमा रहेको डाँडा, जहाँबाट मनमोहक हिमालहरू विहानदेखि बेलुका सम्म देख्न सकिन्छ । पूर्व र पश्चिम डुङ्गाको आकारमा फैलिएको कीर्तिपुर बस्ती पर्यटकीय दृष्टिकोणबाट पनि निकै महत्वपूर्ण स्थान हो । नेपालको जेठो शिक्षण संस्था त्रिभुवन विश्वविद्यालयको समीप पर्ने यस स्थानलाई सांस्कृतिक नगरको रूपमा रूपान्तरण गरी पर्यटकीय विकास गर्न सक्ने सम्भावित आधारहरू प्रशस्त देखिन्छन् । यसको लागि कीर्तिपुर नगरपालिकाबाट पाइला चाल्नु पर्ने देखिन्छ ।

***कीर्तिपुरमा भएका सांस्कृतिक सम्पदा र वर्तमान अवस्था***

सामाजिक रूपमा जीवन सञ्चालन गर्दै आइरहेका मानिसहरूले आस्था र विश्वासको आधारमा अंगिकार गरेका आचरण र व्यवहार प्रकट गर्ने माध्यम नै संस्कृति हो । संस्कृति भौतिक र अभौतिक दुई किसिमका हुन्छन् । भौतिक संस्कृतिको आकार प्रकार रूप रङ्गमा परिवर्तन हुन्छ । मानिसहरूको आँखाबाट प्रत्यक्ष देख्न र छोएर महसूस गर्न सकिन्छ तर अभौतिक संस्कृतिको आधार बाहिरी आँखा नभई मनबाट महसुस गर्ने र अनुभव गर्नेमा हुन्छ । त्यसैले अभौतिक संस्कृति नै भौतिक संस्कृतिको आत्मा हो । भौतिक संस्कृतिलाई शरीर र अभौतिक संस्कृतिलाई आत्माको रूपमा लिइन्छ ।

यस्तो संस्कृति कीर्तिपुर नगर पालिकाभित्र अनगिन्ती छन्- बाघभैरब, उमामहेश्वर, चिलंच्व चैत्य, विहार, कचा बहा, धारा, पाटी, पौवा, सतल, जःधुं, इनार त्यस्तै विभिन्न जातजातीहरूले संरक्षण गर्दै अइरहेको धाः धिमे, बासुरी, खिं, कां, नायखिं, नगरा, पछिमा, कीर्तिपुरको विभिन्न जात्रा इन्द्रायणी, बालकुमारी, विष्णुदेवी, बुद्धजयन्ती, सापारू, कृष्णजात्रा, गणेश जात्रा, बाघभैरब जात्रा, दलूचा जात्रा, नृत्यमा देवी नृत्य, गथु नृत्य, घैंघैं पापा, सापारू आदि ।

यस्तो संस्कृति सञ्चालन गर्नको लागि विभिन्न गुठीहरू स्थापना गरेको छ । कुनै संस्कृति सञ्चालनको लागि गुठी संस्थानबाट आर्थिक सहयोग भईरहेको छ । त्यसमा नपुग रकम स्थानीय मानिसहरू बीच चन्दा उठाई सञ्चालन गर्दै आइरहेको छ ।

सरकारबाट मान्यता प्राप्त ठूला वा राष्ट्रिय मान्यता प्राप्त संस्कृति बाहेक स्थानीय सरकार बाट रकम प्रदान नगरिने संस्कृतिलाई भने कीर्तिपुरका टोलटोल मिली पैसा उठाई संचालन गर्दै आइरहेको छ । केही वर्ष अघिदेखि कीर्तिपुर नगरपालिका अर्न्तगत जात्रा व्यवस्थापन समिति स्थापना गरी केही खर्च उपलब्ध गर्दै आइरहेको छ । त्यो बाहेक खासै भौतिक सम्पदाको संरक्षण भएको छैन ।

***समस्या***

वि.स.२०५३ चैत्र १४ गते ८ वटा गा.वि.स.लाई एकीकृत गरी १९ वडा बनाई कीर्तिपुर नगरपालिका घोषणा गरियो । नगरपालिका घोषणापछि पहिलो मेयरको रूपमा हिराकाजी महर्जन निर्वाचित भएको हो , त्यसपछि स्थानीय निकायको चुनाब नभएको कारणले कीर्तिपुरमा विकासको कुनै पनि कामहरू सन्तुष्ट र योजनाबद्ध रूपमा भइरहेको छैन । यस नगरपालिकाभित्रका सांस्कृतिक सम्पदाको यथोचित विकास नहुनुमा तपसिलका कारणहरू रहेका छन् ।

१) कीर्तिपुर नगरपालिका भित्र कुनकुन सांस्कृतिक सम्पदा, संस्कृतिहरू छन् भन्ने आधिकारिक रुपमा रिकर्ड नहुनु, २) संस्कृतिको लागि स्थापना गरिएका गुठिहरू नष्ट हुनु, ३) संस्कृति सम्पदा हेर्ने छुट्टै निकायको व्यवस्था नहुनु, ४) संस्कृति संरक्षण गर्दै आइरहेका गुरूहरूको आर्थिक अवस्था कमजोर हुनु, ५) बाजा, नृत्य, संस्कृतिका गुरूहरूको अवस्था बारे अध्ययन नहुनु, ६) बाजागाजा, नृत्य आदि सिकाउने बाजाघर (आःखाः छेँ) नष्ट भएर जानु, ७) संस्कृति सम्पदालाई समय अनुसार परिवर्तन गर्दै लान नसक्नु, ८) नयाँ पुस्ताले परम्परागत संस्कृतिको अर्थ नबुझेको कारणं वास्ता नगर्नु वा नयाँ पुस्तालाई संस्कृति हस्तान्तरण गर्न नसक्नु, ९) कार्यकारी अधिकृत स्थानीय व्यक्ति नहुनु, १०) नगरपालिका भित्र राजनैतिक संयन्त्रका व्यक्तिहरूले संस्कृति, सम्पदाको महत्व नबुझ्नु वेवास्ता गर्नु, ११) कीर्तिपुरको आफ्नो परिचय दिन सक्ने बाजा, नृत्यको विकास गर्न नसक्नु, १२) बाजा, संस्कृति, सम्पदाको विषयमा अध्ययन अनुसन्धान नहुनु, १३) बाजा, संस्कृतिलाई व्यवसायीकरण गरी अर्थ आर्जन गर्न नसक्नु, १४) भएको संस्कृति जगेर्ना गर्न आवश्यक स्रोतको व्यवस्था गर्न नसक्नु, १५) संस्कृतिलाई धार्मिक आस्थासंग मात्र हेरी अर्थ, संस्कृति वैयक्तिकको जीवनसंग गाँसेर हेर्ने प्रयास नहुनु ।

क्रमश ....

कीर्तिपुरको चित्रण
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८
कीर्तिपुर सन्देश
KIRTIPUR SANDESH WEEKLY
साप्ताहिक
वर्ष ५ अंक २६(संयुक्तांक २३१) ने. सं. ११३६ पोहेलागा दशमि बुधवाः २०७२ माघ २० गते बुधवार (Feb3, 2016) मूल्य रु.५/- पृष्ठ १४

## भारतको अघोषित नाकाबन्दी भन्दै आएका कारण

# ‘प्रधानमन्त्री केपी ओलीलाई अप्ठ्यारो’



### सहमतीय सरकार र सीमा क्षेत्रमा जारी अवरोध नै कारक तत्व

**कीर्तिपुर सन्देश साप्ताहिक**

नयाँ संविधान जारी हुनु अघिदेखि नै असहज अवस्था गुज्रँदै आएको मुलुकमा प्रमुख राजनीतिक दलका नेताहरु वीच प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमण र सहमतीय सरकारको विषयमा तिब्र बहस भएको छ ।

सरकार पक्षधरले लामो समयदेखि भारतको अघोषित नाकाबन्दी भएका कारण मुलुकमा असहज अवस्था आएको भन्दै सार्वजनिक रुपमा अभिब्यक्ति दिदै आएको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा अघोषित नाकाबन्दी रहेसम्म भारतको भ्रमण नगर्ने भनी सार्वजनिक रुपमा नै अभिब्यक्ति दिएका कारण अहिले आएर आफैलाई अप्ठ्यारो परेको छ । भारतले नाकाबन्दी नगरेको र नाकबन्दी अहिलेको अवस्थामा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले सीमा नाकामा आन्दोलन जारी राखेका कारणले नै भएको भनी सत्तासाझेदारी दलका नेताहरुले नै बोल्न थालेका कारण अव भारतलाई लामो समयदेखि लगाउदै आएको आरोपको विषयमा के गर्ने र नाकाबन्दी जारी नै रहेको अवथामा भारत भ्रमणमा जादा नराम्रो सन्देश जाने भएका कारण प्रधानमन्त्री ओलीलाई अप्थ्यारो अवस्था आएको हो ।

सत्ता सझेदारी दल एवं उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजक समेत रहनु भएका एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहालले अव संविधान कार्यान्वयनका लागि सहमतीय सरकारको आवश्यकता भयो भनी अभिब्यक्ति दिनु, सरकारको कामकारवाही प्रति लामो समयदेखि असन्तुष्ट ब्यक्त गर्दै आउनु भनेको ओली सरकारको विकल्पको तयार गर्न लागिपरेको सहजै अनुमान गर्न सकिने कुरा हो । दाहालले सीमानाको समस्या समाधान गरेपछि मात्रै सीमानामा भएको अवरोधको अन्त्य हुने र त्यसका लागि वार्ता र सम्वाद आवश्यकता भएको साथै सहमतीय सरकारको कुरा पनि उठाउनु भनेको ओली सरकारको स्थानमा अर्को सरकार गठन गर्ने भन्न खोजिएको कुरा स्पष्ट हुन्छ भनी राजनीतिक विश्लेषकहरुले टिप्पणी गर्न थालेका छन् ।

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसको १३ औं महाधिवेशन फागुन महिनामा सम्पन्न भएपछि ओली सरकारको स्थानमा सहमतीय सरकार गठन प्रक्रियामा एकीकृत माओवादी र कांग्रेस अघि बढ्ने संभावना बढ्दै गएको अवस्थामा भारत भ्रमण नभए स्वयं भारतले समेत कांग्रेस, एकीकृत माओवादीको समर्थन गरे ओली सरकार ढल्ने अवस्था आउने विश्लेषण गर्न थालेको छ ।

अतः प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारत भ्रमण अत्यन्तै महत्वपूर्ण बनेको छ भने भारत भ्रमण गर्नु अघि नाकामा भइरहेको अवरोध पनि नहट्ने अवस्थामा भारत जाँदा नराम्रो सन्देश जाने अवस्था छ । त्यसैले प्रधानमन्त्री केपी ओलीलाई सरकार जोगाउन र भारत भ्रमणको सवालमा अत्यन्तै अप्ठ्यारो अवस्था छ ।


हार्दिक बधाई

एस.एल.सी. परीक्षा(२०६१ सम्मको सम्पूर्ण विद्यार्थी जीवन यस विद्यालयमा सम्पन्न गरी हाल यसै विद्यालयमा सङ्गीत शिक्षकका रूपमा कार्यरत कीर्तिपुरको गौरवका रूपमा स्थापित

**युवा गायक श्री विश्व नेपाली**

२०७२ सालको नातिकाजी युवा गायक पुरस्कारबाट सम्माननीय राष्ट्रपतिज्यूद्वारा सम्मानित हुन सफल हुनुभएकोमा हामी गौरवान्वित् र हर्षविभोर भएका छौं । यस उल्लासमय र गौरवपूर्ण क्षणको सुखद् उपलक्ष्यमा उहाँलाई हार्दिक बधाई ज्ञापन गर्नुका साथै भविष्यमा उत्तरोत्तर प्रगति गर्दै अन्य थुप्रै सफलताहरूले उहाँको कदम चुमून् भनी हार्दिक एवं मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।



**युवा गायक श्री विश्व नेपाली**

संस्थापक-निर्देशक महेश श्रेष्ठ, प्रिन्सिपल यसुदा श्रेष्ठ
तथा विद्यालय परिवार

**पुष्पसदन आवासीय माध्यमिक विद्यालय**

**कीर्तिपुर, काठमाडौं ।**

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

## नेपाली कांग्रेसको महाधिवेशन र नयाँ नेतृत्व चयन

**प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसको १३ औं महाधिवेशन आउदो फागुन महिनामा राजधानीमा हुदैछ । दशरथ रंगशालामा भव्य समारोहवीच हुने उद्घाटन समारोहका लागि आवश्यक तयारी गरिरहेको अवस्था छ भने महाधिवेशन प्रतिनिधिदेखि वडा, नगरमा र गाउँमा प्रतिनिधि चयन गर्ने र नेतृत्व चयन गर्ने कार्य गरेको अवस्था छ। यसै क्रममा कीर्तिपुर नगरको वडा वडामा पनि नेतृत्व चयन गर्ने कार्य गरेको छ भने नगरपालिकामा समेत नेतृत्व चयन गर्ने कार्य भएको छ। केहि दिन भित्रमा नै क्षेत्रीय अधिवेशन र जिल्ला अधिवेशन पनि गर्ने तयारी गरिरहेको छ।**

**मुलुकमा नयाँ संविधान आएपछि नेपाली कांग्रेसले नयाँ नेतृत्व चयन गर्ने र जारी भएको नयाँ संविधान अनुसार नै संरचना बनाउने कार्य अधिवेशन र महाधिवेशनको क्रममा गर्ने भएको छ। यो महाधिवेशनले नयाँ नेतृत्व पनि चयन गर्नेछ । नयाँ नेतृत्वमा सभापतिका दावेदार रहेकाहरु सुशील कोइराला, रामचन्द्र पौडेल र शेरबहादुर देउवा वीच प्रतिस्पर्धा हुने अवस्था छ।**

**नयाँ संविधान जारी भइसकेको अवस्थामा अव चयन हुने नयाँ नेतृत्व भनेको वर्तमान ओली सरकारको विकल्प दिने हो कि हैन भन्ने विषयसंग पनि जोडिएका कारण अव बन्ने नयाँ नेतृत्वको ठूलो अर्थ हुनेछ। त्यसैले कांग्रेसको महाधिवेशनलाई राजनीतिक क्षेत्रमा धेरै महत्वका साथ हेर्नुपर्ने अवस्था आएको छ।**

## सहिदहरुको पहिचान खुलाउन माग



नेवाः प्रदेशमा आदिवासी जनजाति जागरण अभियानको आयोजनामा गत माघ १६ गते शहिदगेटमा सहिदहरुको पहिचान लुकाउन पाउदै भनी ब्यानर प्रदर्शनका साथै सहिदप्रति श्रद्धाञ्जली व्यक्त गरेको थियो। शहिदगेटमा रहेको सालिकमा सहिद गंगालाल श्रेष्ठलाई गंगालाल मात्र, धर्मभक्त माथे[redacted]लाई ध[redacted]भक्त मात्र र शुक्रराज शास्त्री जोशीलाई शुक्रराज [redacted] मात्र [redacted]को कारणले सहिदहरुको पहिचान खलाउनुप[redacted] सो प्रदर्शन गरेको थियो। कार्यक्रममा नेवाः प्रदेशमा [redacted] जागरण अभियानका अभियान्ता श्रीकृष्ण मह[redacted] र अभियानका संयोजक अर्जुन महर्जनले बोल्नु भएको थियो[redacted] अभियानले दोस्रो चरणको कार्याक्रम समेत घोषणा गरेको थियो[redacted] भने सो क्रममा कीर्तिपुरमा पनि नय[redacted]नमा भएका सकारात[redacted] र नकारात्मक पक्षहरुको बारेमा [redacted] कार्यक्रम गरिने भए[redacted] छ।

# एकीकरणदेखि सुगौली सन्धिसम्मको तथ्य इतिहासमा–७

**फणिन्द्र नेपाल**

**सन्धिको वैधता :**

अंग्रेज पक्षले २ डिसेम्बर १८१५ मा सुगौली सन्धिमा हस्ताक्षर गरेर नेपालका राजाबाट काउन्टर हस्ताक्षर गरी फिर्ता पठाउन १५ दिनको म्याद दिएकोमा सन्धिको व्यहोरामा चित्त नबुझेकोले उक्त अवधिभित्र नेपाली पक्षबाट हस्ताक्षर गर्ने काम भएन । २ डिसेम्बर १८१५ को ९३ औं दिन अर्थात् ४ मार्च १८१६ मा मात्र चन्द्रशेखर उपाध्यायले सुगौली सन्धिमा हस्ताक्षर गरी अंग्रेजलाई बुझाए । यो सन्धि १८१५ डिसेम्बर २ देखि उता १५ दिनभित्रमा नेपालका राजाबाट अनुमोदन हुनेछ भनिएकोमा न त १५ दिनभित्र अनुमोदन भयो न त नेपाल अधिराज्यका तत्कालीन श्री ५ महाराजधिराज गीर्वाणयुद्धविक्रम शाहबाट नै हस्ताक्षर गरियो । यो सन्धिमा नेपालका तर्फबाट चन्द्रशेखर उपाध्याय र कम्पनी सरकारका तर्फबाट प्यारिस ब्राडशले हस्ताक्षर गरेका छन् भने बेलायतका गभर्नर जनरल अक्टर लोनीले मात्र यसको अनुमोदन गरेकोले नेपालका तत्कालीन श्री ५ महाराजाधिराजको लालमोहर नलागेको अवस्थामा सन्धिको वैधतामाथि स्वतः प्रश्न चिह्न उठ्छ ।

**सन्धिको असर :**

सुगौली सन्धिअघि नेपालको सिमाना पूर्वमा टिस्टादेखि पश्चिममा सतलजसम्म फैलिएको थियो । टिस्टादेखि सतलजसम्मको लम्बाइ ३७७६ किलोमिटर र यसको क्षेत्रफल २,०४,९१७ वर्ग किलोमिटर रहेको थियो। सुगौली सन्धिपछि नेपालको सिमाना मेचीदेखि महाकालीसम्म कायम भयो भने यसको पूर्व पश्चिम लम्बाइ पुगनपुग ८८५ कि.मि र क्षेत्रफल १,४७,१८१ वर्ग किलामिटरमा सीमित हुन पुग्यो । यसरी वर्तमान नेपालको झन्डै एकतिहाइ अर्थात् ५७७३६ वर्ग किलोमिटर भूभाग ब्रिटिश इन्डियामा गाभियो । पूर्व र पश्चिम दुवैतिरको भूभाग अंग्रेजको अधिनमा गएपछि नेपालको एकीकरण अभियानमा पूर्ण विराम नै लाग्यो ।

**सन्धिमा बलजफ्ती :**

सुगौली सन्धि नेपाल-अंग्रेज युद्धमा नेपालको पराजयको परिणामभन्दा अंग्रेजको कुटनीतिक चातुर्यको फल बढी हो जसबाट केवल अंग्रेजलाई उपलब्धि भयो। सुगौली सन्धिमा हस्ताक्षर हुनुभन्दा पूर्व अमरसिंह थापा र अक्टर लोनीबीच १५ मे १८१५ मा भएको सम्झौता र सुगौली सन्धिको व्यहोरा हेर्ने हो भने सुगौली सन्धि नेपाललाई मात्र एकपछि अर्को दायित्व थोपरिएको 'प्रतिबद्धता-पत्र' जस्तो लाग्दछ । १८१५ मा भएको सम्झौताको आठौं धारामा काजी बख्तवर सिंहको गढवालको क्षेत्र खाली गर्नुपर्नेछ भनिएको छ भने सातौं धारामा काजी अमरसिंह थापाले भिली, सवाथु, जैथक, जगतगढ, रोवाहिन, आदि क्षेत्र खाली गरि दिन आदेश दिने छन् भनिएको छ । त्यस्तै सुगौली सन्धिमा नेपालका राजा स्वयं आफ्ना सम्बन्धी तथा उत्तराधिकारीहरूको तर्फबाट काली नदी पश्चिमको भूभागको सम्पूर्ण अधिकार परित्याग गर्छन् र साथै त्यो इलाका तथा त्यस इलाकाका निवासीहरू संग कुनै किसिमको सम्बन्ध नराख्न बचनबद्ध हुन्छन् भन्ने उल्लेख गरिएको छ ।

मे १५ को सम्झौता हेर्दा सतलज र महाकाली नदीका बीचका धेरै ठाउँमा नेपाली पक्षले आफ्नो अधिकार कायमै राखेको थियो भन्ने कुरा ती क्षेत्र नेपाली पक्षले खाली गर्नु पर्नेछ भनिएबाट स्पष्ट हुन्छ। अझ युद्ध नै नभएको र हारजीतको प्रश्न नै नउठेको मेची र टिस्टा बीचको समस्त तल्लो भूमि (तराई) र मेचीपूर्वका सम्पूर्ण पहाडी इलाकाहरू पनि अंग्रेजी पक्षलाई छोड्नु पर्ने स्थिति किन आयो ? यो प्रश्नले पटक-पटक नेपाली छातीमा सियोले झैं घोचिरहन्छ । सुगौली सन्धिको धारा ३ उपधारा ४ र ५ मा भनिएको छ-मेची र टिस्टा बीचको समस्त तल्लो भूमि, मेची नदीभन्दा पूर्वतर्फको सम्पूर्ण पहाडी इलाकाहरु, नागरीको दुर्ग र जमिन तथा नगरकोटको घाटी (जसमा मोरङ पहाडतिर जाने बोटो छ), यससँगै सो घाटी र सो नागरीका बीचका सबै भूभाग यस मितिदेखि ४० दिन भित्रमा गोर्खाली सेनाले खाली गरि दिनु पर्नेछ । लडाँइ नै नभई कसले हाऱ्यो कसले जित्यो भन्ने प्रश्नै उठ्तैन । लडाँइमा गोर्खाली सैनिकहरू हारेका भए तिनलाई युद्धबन्दी बनाइन्थ्यो वा उनीहरू लाई त्यो क्षेत्र छाडेर जाने स्वतन्त्रता छ भनिन्थ्यो। मेची र टिस्टाबीचको पहाड र तराई जसमा सिक्किम, दार्जीलिङ र सिलगढी पर्दछन् । यी क्षेत्रहरूमाथि नेपालको अधिकार कायम छँदाछँदै यो भूभाग किन अंग्रेजलाई छोड्नु पऱ्यो ? लडाइँ नै नभएको र हार्दै नहारेको क्षेत्र पनि छाड्नु पर्ने स्थिति आउनु अंग्रेज पक्षको बलजफ्ती सिवाय अरु के हो त ?

**सन्धिमा बदनियत : सीमा उल्लेखमा अस्पष्टता :**

सुगौली सन्धिको प्रस्तावनामा यसलाई निर्लज्जतापूर्वक शान्ति सन्धिको नाम दिइएको छ। जबकि यो सीमा सन्धि हो । तर नेपाल अधिराज्य र ब्रिटिश इन्डियाबीच पूर्व, पश्चिम र दक्षिणमा सीमा रेखा कुन बिन्दुबाट सुरु भएर कहा टुङ्गिन्छ भन्ने कतै उल्लेख छैन। सन्धिको लगत्तै त्यसबेलै पनि सीमाविवाद उठेको थियो। अन्तु डाँडा, मेची नदी आदिका सम्बन्धमा उठेका विवाद यसका उदाहरण हुन्।

आज पनि त्यो सीमा-विवाद यथावत् छ । कालापानी, लिम्पियाधुरा, सुस्ता, मेची सन्दकपुर, पशुपतिनगर ठोरीलगायतका ५४ स्थानमा सीमाविवाद रहेको सीमाविद्हरूले उल्लेख गरेका छन् । पूर्वमा मेची नदी र पश्चिममा महाकाली नदी सीमा नदी हुन् भन्ने आशय सुगौली सन्धिबाट निकाल्न सकिन्छ र यही नै मानिँदै आएको पनि छ । तर दक्षिणको सिमानालाई स्पष्ट गर्ने कुनै अभिलेख उपलब्ध छैन । सीमा नापीको 'फिल्ड बुक' सम्मको पहुँच र ज्ञान जिज्ञासा सबैलाई हुन सक्तैन।

**सुगौली सन्धिको आयु :**

इस्ट इन्डिया कम्पनी जोसँग नेपालले सुगौली सन्धि गऱ्यो त्यो उपनिवेशवादी शक्ति थियो । उपनिवेशको समाप्तिसँगै त्यस्तो सन्धिको वैधता कायम रहि रहन सक्तैन । अंग्रेजसँग भएको उक्त सन्धिको धारा ३ मा टिस्टादेखि कालीसम्मका भूभाग नेपालका राजाले सदाका लागि परित्याग गर्छन् भनिए पनि काशीदेखि राप्तीसम्मको तराई १ वर्षमै र राप्तीदेखि काली सम्मको तराई (नयाँ मुलुकका रुपमा परिचित बाँके, बर्दिया, कञ्चनपुर र कैलाली जिल्ला) ४४ वर्षपछि अंग्रेजले नै नेपाललाई फिर्ता गऱ्यो । यदि साँच्चै सदाका लागि सन्धि गरिएको भए ती क्षेत्र नेपालले फिर्ता पाउन सक्ने थिएन।

**संविधानमा सिमाना :**

नेपाल अधिराज्यको संविधान (२०४७) को धारा ४ को उपधारा २ मा नेपालको क्षेत्र देहाय बमोजिम हुने छ: क) यो संविधान प्रारम्भ हुँदाका बखतको क्षेत्र र ख) यो संविधान प्रारम्भ भएपछि नेपालको क्षेत्रफलमा थपिन सक्ने भूभागको जुन सम्भावना देखाइएको छ त्यसको केवल दुईओटा कारण हुन सक्छन् । १. नेपालले आफ्ना दुई छिमेकीसँग युद्ध गरी तिनका भूभाग आफूमा मिलाउनु २. सुगौली सन्धिमा गुमेर पाउन बाँकी भूभाग नेपालले प्राप्त गर्नु । यी दुईमध्ये प्रथम कारणबाट नेपालले भूभाग प्राप्त गर्ने कुरा हाललाई असम्भव छ भने सुगौली सन्धिमा गुमेर पाउन बाँकी दार्जीलिङ, सिक्किम, सिलिगुडी र महाकालीदेखि सतलजका बीचका भूभाग पाउनु नेपालको हक अधिकार कै कुरा हो । यो संविधान प्रारम्भ भइसकेपछि नेपालको क्षेत्रफलमा थपिने गरी त्यस्ता भूभाग प्राप्त भएमा त्यसलाई आफ्नो सीमाक्षेत्रका रुपमा स्वीकार गरिने संवैधानिक प्रावधानलले सुगौली सन्धिमा गुमेका भूभाग प्राप्त गर्न सकिने सम्भावनालाई सदाका निम्ति जीवित राखेको मान्नु पर्छ ।

**गुमेको भूमि फिर्ता प्रयास :**

प्रस्तावित सुगौली सन्धि (१८१५) का धाराहरू हेर्दा सम्पूर्ण तराईमाथि अंग्रेजले आधिपत्य कायम गर्न खोजेको देखिन्छ । त्यति बेलै नेपालले तराई फिर्ता गर्न गरेको प्रयासको फलस्वरुप १८१६ डिसेम्बरको पुरक सन्धि अनुसार कोसीदेखि राप्तीसम्मको तराई नेपालले फिर्ता पयो । १८५७ मा बङ्गालका सिपाहीले अंग्रेजविरुद्ध विद्रोह गरेपछि तयसलाई दबाउन नेपालका तत्कालीन प्रधानमन्त्री श्री ३ जङ्गबहादुर राणाले आफू समेतको सहभागितामा सैनिक सहायता गरी उक्त विद्रोहलाई सफलतापूर्वक दमन गरेपछि उनको अंग्रेजप्रतिको सद्भाव र सहयोगको कदर स्वरुप सन् १८६० मा नयाँ मुलुकका रुपमा राप्तीदेखि महाकालीनदीका बीचको तराई नेपाललाई फिर्ता गरिएको थियो ।

सुगौली सन्धिमा गुमेको भूभागमध्ये मेची र टिस्टाका बीचको पहाड र तराई फिर्ता लिने प्रयास नेपालले पटक पटक गरेको कुरा इतिहासमा पढ्न पाइन्छ । दार्जलिङ, सिक्किम नेपालमा मिलाउने कुरामा श्री ५ राजेन्द्र विक्रम शाहको पनि विशेष रुचि थियो । सिक्किमले दिएका सबै सुविधा दिलाउने लगायत जुनसुकै शर्तमा भए पनि इस्ट इन्डिया कम्पनी सरकारलाई सहमत गराएर टिस्टासम्मको सम्पूर्ण भूभाग र बाँकी बचेको सिक्किम पनि नेपालको हुनु पर्छ भन्ने नेपालको प्रस्ताव काठमान्डुस्थित रेजिडेन्ट मार्फत गवर्नर जनरलकहाँ प्रस्तुत गरिएको थियो। जङ्गबहादुरको सोचाइ पनि सिक्किममा चढाइँ गरी त्यसलाई नेपालमा मिलाउने थियो । त्यसैले उनले इलाममा रहेको श्रीनाथ कम्पनी पल्टनलाई सिक्किमसँगको युद्धमा सामेल गराउने आदेश दिएका थिए ।

# शहीद स्मारककलेजको रजतजयन्ती समारोह शुभारम्भ






कीर्तिपुर क्षेत्रकै पहिलो सामुदायिक कलेज शहीद स्मारक कलेजले आफ्नो पच्चिसौ वार्षिकोत्सवको अवसरमा रजय जयन्ती शुभारम्भ समारोह भव्य रूपमा सम्पन्न गरेको छ ।

त्रिभुवन विश्वविद्यालयको अडिटोरियम हलमा शहीद दिवसको दिन माघ १६ गते भएको रजत जयन्ती समारोहमा प्रमुख अतिथि उपराष्ट्रपति नन्दबहादुर पुनले पानसमा दीप प्रज्ज्वलन गर्नुहुँदै कलेजको रजत जयन्ति लोगो पनि विमोचन गर्दै उद्घाटन गर्नुभयो ।

समारोहको अध्यक्षता कलेज व्यवस्थापन समितिका अध्यक्ष शम्भुराम महर्जनले गर्नुभएको थियो ।

समारोहमा कलेज प्रमुख मिलनमान महर्जनले स्वागत मन्तव्य दिदैं निम्न, मध्यम, उच्च सवै वर्गका विद्यार्थीहरुको रोजाइमा शहीद स्मारक कलेज केन्द्रमा रहेको बताउनुभयो ।

प्रत्येक वर्ष बढ्दै आएको विद्यार्थीहरूको चापले कलेजको ख्याती बढ्दै गएको र सोही बमोजिम नजिजा पनि सुधार हुदै आएको र कक्षा १२ मा आफ्ना कलेजका विद्यार्थी अशोक अर्यालले राष्ट्रियस्तरको नतिजा प्राप्त गर्न सफल रहेको कुरा बताउनु भयो ।

यस अवसरम उहाँले कलेजको वार्षिक प्रतिवेदन तथा संक्षिप्त लेखा प्रतिवेदन पनि प्रस्तुतगर्नु भयो ।

कार्यक्रमका विशेष अतिथि तथा पूर्व राज्य मन्त्री दिलिप महर्जनले सामुदयिक कलेज भएर पनि शहीद स्मारक कलेजले गुणस्तरीय शिक्षा प्रदान गर्दै आएकोमा खुसी व्यक्त गर्नुभयो ।

त्यसै गरी विशेष अतिथि माननीय सांसद रूपा महर्जनले आफु अध्ययन गरेको कलेजको रजतजयन्ती समारोहमा सहभागी हुन पाउँदा आफूलाई निकै खुशी लागेको र कलेजको प्रगतीबाट सन्तुष्टी लिने ठाँउ रहेको छ र थप प्रगतिको शुभकामना दिदै आफु सहयोग गर्न तयार रहेको कुरा अभिव्यक्त गर्नु भयो । यहीक्रममा विशेष अतिथि माननीय सांसद श्याम श्रेष्ठ, त्रि.वि.का पूर्व उपकुलपति प्रा.डा. हीराबहादुर महर्जन, त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा.सुधा त्रिपाठीज्यूले शुभकामना मन्तव्य दिदैं आ-आफ्नो विचार व्यक्त गर्नुभयो ।

समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि पुनले युवा विद्यार्थी मात्र त्यस्तो वर्ग हो जसले हरेक परिवर्तनलाई सम्भव बनाएका छन् भन्नुभयो । पुनले देशमा प्रजातन्त्र, लोकतन्त्र र सवैखाले संघर्षमा शहीद हुने ज्ञातअज्ञात शहीदहरु प्रति श्रद्धाञ्जली समेत प्रकट गर्नुभयो ।

प्राविधिक र व्यवासायिक शिक्षाले मात्र देशको विकास सम्भव हुने भएकोले विद्यार्थीहरु लाई आफ्नो रुचि अनुसार उत्कृष्ट क्षेत्र छानेर पढ्न विद्यार्थीहरुलाई उपराष्ट्रपति पुनले सुझाउनुभयो। देशमाबढ्दै गएको शैक्षिक बेरोजगार अन्त्य गर्नु पर्ने कुरामा पनि पुनले जोड दिनुभयो । कलेज स्थापनमा सहयोग गर्ने सम्पूर्ण समाज सेववीहरु लाई उहाँले सम्मान पनि गर्नुभयो ।

समारोहमा कलेज स्थापना र सञ्चालनमा योगदान गर्ने तीनजना महानुभावहरू प्रा.डा. भवेश्वर पंगनी, टीकाराम महर्जन र स्व.हरिशरण महर्जन (मरणोपरान्त) लाई सम्मान गरिएको थियो ।

धन्यवाद ज्ञापन गर्ने क्रममा अध्यक्ष शम्भुराम महर्जनले सबैको सहयोगबाट कलेज यहाँ सम्म पुग्न सफल भएको हो र कलेजलाई अझ माथी लाग्न थप सहयोग आवश्यक रहेको र उपस्थित वक्ताहरुबाट सहयोग प्रदान गर्ने बचनबाट आफु निकै आशावादी रहेको छ भन्ने बिचार व्यक्त गर्नुभयो ।

कलेजलाई राष्ट्रको उत्कृष्ट दश सामुदायिक कलेज मध्ये एक बनाउने लक्ष्य रहेको कुरा पनि व्यक्त गर्नुभयो । साथै आज रजतजयन्ती समारोहको शुभारम्भ भएकोले थप कार्यकमहरु लिएर आउने कुरा बताउने भयो ।

पहिलो सत्रको कार्यकम सहायक क्याम्पस प्रमुख संजय ज्ञवालीले संचालन गर्नुभएको थियो ।

रजतजयन्ती समारोहको दोस्रो सत्रमा कजेजबाट प्लस टू र स्नातकतहमा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थीहरुलाई सम्मान तथा पुरस्कृत गरिएको थियो ।

कलेजले सञ्चालन गरेको खेलकुद सप्ताहमा खेलाईएका आठ खेलमा प्रथम र द्धितीय स्थान हासिल गर्ने विद्यार्थीहरुलाई समेत सोही अवसरमा पुरस्कृत गरिएको थियो । औपचारिक कार्यक्रमको समापन पछि विद्यार्थीहरुले विविध सांस्कृतिक झलकहरु प्रस्तुत गरेका थिए ।


## हार्दिक बधाई तथा शुभकामना


सुश्री सेलिशा खड्गी

यस विद्यालयबाट २०६६ सालको एस.एल.सी. परीक्षा उत्तीर्ण गरी उच्च शिक्षाआर्जन र खेलको माध्यमबाट राष्ट्रसेवामा रहेकी, कीर्तिपुरको गौरव **सुश्री सेलिशा खड्गी** टेबलटेनिस खेलमा र यसै विद्यालयका खेलकुद शिक्षक **श्री बिक्की महर्जन** खोखो खेलमा आगामी दक्षिण एसियाली खेलकुद (साग)मा नेपालको प्रतिनिधित्व गर्ने टोलीमा छनोट हुनुभएकामा हार्दिक बधाई ज्ञापन गर्दै साग खेलकुदमा उहाँहरूलगायत सम्पूर्ण नेपाली टोलीको विजयपूर्ण यात्राका लागि हार्दिक एवम् मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

संस्थापक-निर्देशक महेश श्रेष्ठ, प्रिन्सिपल यसुदा श्रेष्ठ
तथा विद्यालय परिवार

**पुष्पसदन आवासीय माध्यमिक विद्यालय**

**कीर्तिपुर, काठमाडौं ।**

# आईसीसी यू-१९ विश्वकप क्रिकेटमा नेपालको शानदार प्रदर्शन



**–नविन महर्जन–**

वङ्गलादेशमा जारी आई सीसी यू-१९ विश्वकप क्रिकेटमा नेपालले शानदार प्रदर्शन गरिर हेको छ। जस्ले गर्दा नेपाल क्वाटर फाइनलमा पुग्ने पहिलो टेष्ट नखेल्ने राष्ट्र भएको छ।

नेपालले आफ्नो पहिलो खेलमा गत माघ १४ गते बिहिबार टेष्ट मान्यता प्राप्त र ाष्ट्र न्यूजिल्याण्डलाई ३० रनले हराई सनसनीपूर्ण नतिजा निकाल्न सफल भएको थियो। उक्त खेलमा नेपालले टस हारेर ब्याटिङ्ग गर्दै ५० ओभरमा ७ विकेटको क्षतिमा २३८ रन बनाएको थियो । जवाफमा आएको न्यूजिल्याण्डलाई नेपालले ४७.१ ओभरमा २०६ र नमै समेटिएको थियो।

यस खेलमा ६४ बल खेली ४ चौकाको सहयोगमा ४८ रन बनाउन सफल कप्तान राजु रिजाल म्यान अफ द म्याच घोषित भएको थियो।

त्यसैगरी नेपालले गत शनिवार समूह डी का अर्को प्रतिद्वन्दी आयरल्याण्डसंग खेल खेलेको थियो। त्यस खेलमा पनि जित हासिल गर्दै भारतसँगै क्वाटर फाइनलमा पुग्न सफल भएको थियो । तसर्थ नेपाल यू-१९ विश्वकपको क्वाटर फाइनल पुग्ने एक्लो एसोसियट राष्ट्र भएको छ। नेपालको प्रदर्शनमा प्रशिक्षक जगत टमाटा पनि निकै हर्षित हुँदै नेपालको ब्याटिङ्ग बलिङ्ग र फिल्डिङ्ग तिनै क्षेत्रमा सकारात्मक रहेको प्रतिक्रिया दिनुभएको थियो।

गत शनिवार सम्पन्न दोस्रो लिग खेलमा आयरल्याण्डले ९ विकेटको नोक्सानीमा १३१ रन मात्र बनाउन सकेका थिए।

सिमित रनमा समेट्न नेपालका लेग स्पिनर सन्दीप लामिछानेले ह्याट्रिक सहित ५ विकेट लिएका थिए । जवाफमा नेपालले २५.३ ओभरमा लक्ष्य पुरा गरी ८ विकेटले खेल जित्न सफल भएको थियो । नेपालको लागि योगेन्द्र कार्कीले ६१ रनको महत्वपूर्ण योगदान गरेका थिए।

नेपालले आफ्नो अन्तिम लिग खेल भारतसँग गत माघ १८ गते सोमबार खेलेका थिए। टस हारेर ब्याटिङ्ग गरेको नेपालले निर्धारित ४८ ओभरमा ८ विकेटको नोक्सानीमा १६९ रन मात्र बनाउन सक्यो। जवाफी ब्याटिङ्गमा उत्रेको भारतले १८.१ ओभरमा ३ विकेटको क्षतिमा लक्ष्य प्राप्त गरेको थियो।

यस खेलमा हारे पनि नेपाल समूहको उपविजेता भई क्वाटरफाइनलमा प्रवेश गरेको छ।

फुटवल पछि नेपालमा युवा टोलीले क्रिकेटमा हालसम्म दिलाइएको सफलताले पनि खेल प्रेमीहरु निकै हर्षित पारेको छ। देशमा विद्यमान समस्याको बाबजुद पनि सम्पूर्ण खेलप्रेमीहरु निःस्वार्थ भावनाले खेलप्रति समर्पित भएको कारण पुनः एकचोटि खेलकुदले नयाँ आशा पलाएको छ जस्को कारण साफ खेलमा सकारात्मक सन्देश एवं राम्रो खेल प्रदर्शनको आश गर्न सकिन्छ। अझ राष्ट्रले प्रोत्साहन र आवश्यक सुविधा दिनतिर हात बढाएमा अझ राम्रो नतिजाको आश गर्न सकिन्छ।

# कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्रको निःशुल्क स्वास्थ्य शिविर




कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्र छैठौं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा गत माघ १६ गते शनिवार स्थापना दिवस एवं निःशुल्क स्वास्थ्य शिविरको कार्यक्रम गरीमनाइयो । टाउनप्लानिंगमा निर्माधीन आफ्नै भवनमा आयोजित उक्त कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष हिराबहादुर महर्जन, प्रमुख अतिथि संस्थाका संरक्षक कीर्तिपुर नगरपालिकाका कार्यकारी अधिकृत उद्धव प्रसाद रिजाल हुनुहुन्यो । विशेष अतिथिमा संस्थाका संस्थापक सल्लाहकार दिलिप महर्जन र अन्य अतिथिहरुमा प्रा.डा.रामकृष्ण महर्जन, समाजसेवी नीलकण्ठ अमात्य, डा. ईश्वरलाल महर्जन एवं स्थानीय राजनैतिक दलका प्रतिनिधिहरुको उपस्थिति रहेका थिए। स्वागत मन्तव्य संस्थाका उपाध्यक्ष ई.मदन महर्जनले दिनुभएको थियो भने सचिव सुजिन्द्र महर्जनले कार्यक्रम संचालन गर्नुभएको थियो।

औपचारिक कार्यक्रम पछि निःशुल्क स्वास्थ्य परीक्षणको कार्यक्रम भएको थियो। जसमा जनरल, दन्त, आँखा परीक्षण एवं पिशाव परीक्षण गरेका थिए । स्वास्थ्य शिविरमा डा.ईश्वरलाल महर्जन, डा.पविन शाक्य, डा. सुरन्द्र महर्जन, डा. नविना महर्जन दन्त तर्फै जनरल तर्फ डा.सुधिर श्रेष्ठ, डा. पियुश श्रेष्ठ, डा. सोनी महर्जन, आँखातर्फ राजेन्द्र महर्जन, भ्ल्त मा डा. लक्ष्मण मान श्रेष्ठको सपस्थिति रहेका थिए। उक्त स्वास्थ्य शिविरमा २०० जनाले सेवा प्राप्त गरेका थिए।


Admission Open for 2072/073

# Turners Pathshala

## A Motessori Based Pre-School

**Features**

- Well equiped audio visual lab
- Montessori lab
- ECD experters and psychologists
- Parents counseling
- Experienced facilitators
- Homely environment
- Limited Class size
- Life skills based learning
- Ample space for outdoor activities
- Peroidic health check ups
- Foods with calorie analysis
- Managed by a group of academicians

Admission Forms are available in the school Desk.

**For Contact: 014331574,9849888060**

"Quality Education is our Commitment."

# MAGUS ENGLISH SCHOOl

Kirtipur-17, Nayabazar: 4333096



## Announces




यही आउँदो श्रीपञ्चमीको दिन भर्ना हुने नानीबाबुहरुलाई नि:शुल्क भर्ना सहित शैक्षिक सामाग्रीको विशेष उपहारको व्यवस्था गरिएको छ ।

**Hurry Up !**

**Limited Seats are available!**

## Salient Features

- Led by professional academic team
- Theme based project work
- Child friendly environment
- Various co-curricular activities and educational outing
- Safe transportation
- Hygienic day meal and snacks
- Audio-Visual and e-classes
- Spacious playground
- Music, dance, sports & art classes
- Day Boarders (Proposed)

**Forms and Prospectus are being distributed from school's office!**

---

Learning is the eye of the mind. At STAR, it is fun and exciting.

Admission Open For 2072/2073

in Play Group (Pre Nursery)

# Star Pre – School

(Montessori and Conceptual School)









Learning with fun
Integrated Curriculm
Centrally Located
Healthy food
Music, Dance, Art Classes
Parents Counseling
Outdoor Activities
Periodic Health Checkup
Extra Hours child support for busy Parents
Montessori and conceptual Method of Teaching

Nayabazar, Kirtipur (Ace Bank Galli)

phone No. 014331174, 9841408785

---

## कीर्तिपुर उपभोक्ता सहकारी संस्था लि. को

## चौथौ वार्षिक साधारण सभा बारे सूचना ।

यस सहकारी संस्थाको सञ्चालक समितिको मिति २०७२/१०/७ गते बसेको बैठकको निर्णयानुसार यस संस्थाको चौथो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयर सदस्य महानुभावहरूलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

**सभा बस्ने मिति : २०७२ माघ २३ गते शनिवार ।**

**समय : बिहान ७:३० बजे ।**

**स्थान : पाँगा पार्टी भेन्यू ,की.न.पा.९ पाँगा ।**

**छलफलका विषयहरू :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व २०७१/७२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३) लेखा समितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
४) आ.व. २०७२/०७३ को हिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
५) चौथो वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरू र सञ्चालक समितिको तर्फबाट एक/एक जना प्रतिनिधि नियुक्त गर्ने ।
६) विविध ।

**सचिव**

**कीर्तिपुर उपभोक्ता सहकारी संस्था लि.**

**नयाँबजार,कीर्तिपुर**

# हार्दिक बधाई

लेट मि डान्स नेपालले आयोजना गरेको नेपालभरिको डान्स प्रतियोगितामा ४०० (चारसय) जनाले भाग लिएकोमा नीलः सांस्कृतिक पुचःका संस्थापक सिनियर ढान्सर **सूश्री रोजिना बज्राचार्य** टप १५ मा पुग्न सफल भएकोले उहाँलाई हार्दिक बधाईको साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।



**डान्सर सूश्री रोजिना बज्राचार्य**

## बधाई ज्ञापन गर्नेहरु

१.तेजमान बज्राचार्य अध्यक्ष एवं बैण्ड मैनेजर
२.नेमसिं नकःमि- विशेष सल्लाहकार
३.रामबहादुर महर्जन- सल्लाहकार
४.सूर्यनारायण महर्जन- सल्लाहकार
५.देव महर्जन– सल्लाहकार
६.उज्ज्वल महर्जन
७.रोमान बज्राचार्य– टेक्निसियन
८.माईकल शाही – सदस्य
९.शिववहादुर शाही- सदस्य
१०.राजेश महर्जन क – सदस्य
११.राजेश महर्जन ख – सदस्य
१२.हिरावहादुर महर्जन- सदस्य
१३.ठूलोभाइ परियार- सदस्य
१४.बालमुकुन्द प्रजापति – सदस्य
१५.सरोज मानन्धर – सदस्य
१६.अनुप मानन्धर – सदस्य
१७.रमेश शाही – सदस्य
१८.अशोक महर्जन– सदस्य
१९.राजन शाही – सदस्य
२० साली तामाङ – सदस्य
२१.विजय रुम्बा – सदस्य
२२.इन्दिरा श्रेष्ठ – सदस्य
२३ दिपेश विष्ट – सदस्य
२४.अर्जुन तामाङ – सदस्य
२५.संजय महर्जन – सदस्य
२६.राम महर्जन – सदस्य
२७.बुद्धिवहादुर महर्जन – सदस्य
२८.राधिका मानन्धर – सदस्य
२९.सृजना मानन्धर – सदस्य
३०.देवराज मानन्धर – सदस्य

# पिसावमा रगत देखा पर्नु



डा.सोनेलाल साह

एउटा स्वस्थ मानिसको पिसावमा रगत देखा पर्दैन । यदि स्पष्ट देखिने गरी वा पिसावको परिक्षण गर्दा त्यसमा रक्तकोषिकाहरु (Red blood cells) देखापरेमा त्यस्तो अवस्थालाई Haemausia भनिन्छ र यो एक असमान्य अवस्था हो ।

मूत्रप्रणालीमा लाग्न सक्ने विभिन्न रोगहरु विभिन्न लक्षणहरुबाट प्रस्तुत हुनसक्दछन । जस्तैः- पिसाब पोल्नु, छिटो छिटो पिसाव हुनु, पिसाब कम हुनु, पिसाब धमिलो वा दुर्गन्धित हुनु, पिसाब रोक्न नसक्नु, जाडो लागेर ज्वरो आउनु, वाकवाक वा बान्ता हुनु, ढाड वा तल्लो पेटमा साधारण किसिमले वा सहन नसकिने पीडा हुनु, पीप बग्नु वा पिसाबमा रगत देखापर्नु आदि । कुनै एक रोगमा माथि उल्लेखित एक वा एकभन्दा बढी लक्षणहरु देखापर्न सक्दछन् । पिसाबमा रगत देखापर्नु एक महत्वपूर्ण लक्षण भएको र यो धेरै किसिमका रोगहरुको सूचक हुनसक्ने भएकाले यो अवस्थाका बारेमा जनमानसमा केही आधार भूत जानकारी हुन आवश्यक छ ।

कतिपय विरामीहरुले ज्वभ्कबतगचष्ब लाई अत्यन्त मामुली ढङ्गले यसको गम्भीर तालाई नबुझी आफै निर्णयात्मक अर्थ लगाउने गरेको पाइएको छ, जस्तै अलि बढी गर्मी भएकाले वा कडा मेहनत गरेकाले अलिकति रगत देखा परेको आदि । अर्कोथरि विरामीहरु यस्तो पनि पाइएको छ जो पिसाबमा रगत देखापर्ने बितिकै अत्यन्त विक्षिप्त मनस्थिति बनाई जीवनप्रति नै नैराश्य भएको । यी तरिकाहरु अस्वाभाविक भए तापनि Haematuria पछि त्यसलाई संवेदनशील अवस्था ठानी तत्काल त्यसको कारणबारे सम्बन्धित चिकित्सकहरुसँग सल्लाह लिनु सर्वोचित हुन्छ। यो अवस्थालाई बेवास्ता गरेमा कहिलेकाहिं विरामीले पछि ठूलो मूल्य चुकाउनु पर्ने हुन्छ।

Haematuria मूत्रप्रणालीका सयौं कारणले देखापर्ने हुँदा यसको महत्व नै यसको कारण पत्ता लगाउनुमा हुन्छ। चिकित्सकले विरामीसँग गरिने वार्तालाप मात्रै नभै परीक्षणहरु पनि विस्तृत रुपमा गरिनु पर्ने हुन्छ।

मूत्रप्रणालीको कुनै हिस्सामा चोटपटक लागेर पिसाबमा रगत देखापर्नु स्वाभाविक नै हो। तर मूत्रप्राणालीभन्दा बाहिरको कारणले जस्तै रगतमा लागेको जटिल रोगहरु Sickle cell trait, Purpura, Haemophilla आदिका कारणले पनि Haematuria हुनसक्दछ भन्न कुरा धेरैलाई थाहा नहुन सक्दछ। मूत्रप्रणाली र त्यसको आसपासका सबै अङ्गहरु जस्तै - मृगौलाहरु, मृगौलादेखि पिसाबथैलीसम्म जाने मूत्रनलीहरु पिसाबथैली, प्रोस्टेट ग्रन्थी, वीर्य बस्ने थैलीहरु अण्डकोष, लिङ्ग, योनि आदिमा देखापर्ने विभिन्न किसिमका रोगहरु Haematuria को स्रोत हुनसक्छन्।

उपरोक्त अङ्ग विशेषरुपमा लागेको चोटपटक, सामान्य सङ्क्रमण, पत्थरीको रोग, क्षयरोग, मृगौलाको असामान्य बनोट जस्तै (Polycystic Kidney, Medullary, spoge kidey), मृगौलाका मेडिकल रोगहरु जस्तै :- विभिन्न प्रकारका नेफ्राइटिसहरु, प्रोस्टेट ग्रन्थीको बृद्धि, मूत्र प्रणालीको कुनै पनि हिस्सामा भएको अर्बुद रोग त्यसमा त्यसमा पनि विशेषगरी Bladder Tumour आदि पिसाबमा रगत देखापर्नुका मुख्य कारणहरु छन ।

भौगोलिक दृष्टिकोणले पनि ज्वभ्कबतगचष्ब का कारणहरुमा केही विशेषता पाइएको छ। जस्तै :- पश्चिमी देशहरुमा अर्बुद रोग यसको मुख्य कारण हो भने मध्यपूर्वका देशहरु विशेषगरी मिश्रमा एक परजीवीका कारण Bilharziasis भन्ने रोग यसको मुख्य कारण पाइएको छ। त्यस्तै तेश्रो मुलुकका अविकसित तथा विकासोन्मुख र हिमाली-पहाडी मुलुकहरुमा साधारण urine infection तथा पत्थरी (Stone Disease) प्रमुख कारक तत्वको रुपमा रहेका छन्।

नेपालमा समेत हाल आएर विशेषगरी पिसाब थैलीको अर्वुद रोग निकै देखापर्न थालेको छ। धेरैजसो ज्वभ्कबतगचष्ब का रोगहरुमा यो रोग देखापरेको छ। यो रोग धुम्रपान वा सूर्तीजन्य वस्तुको सेवन गर्ने मानिसमा हुन्छ भन्ने तथ्य धेरै पहिले प्रमाणित भइसकेको छ।

Haematuria को प्रस्तुति पनि विभिन्न तरिकाले हुने गर्दछ। यो पीडायुक्त वा पीडारहित दुवै किसिमका हुनसक्दछन् । यो पिसाबको शुरुआतमै, बीचधारमा वा अन्त्यमा वा पुरै पिसाब र ङ्गाउने गरी हुनसक्दछ । यो हामीले प्रष्ट देख्न सकनि गरी (Gross) वा नाङ्गो आँखाले नदेखिने तर पिसाब परीक्षणमा मात्र देखिने (Microscopic) हुनसक्दछ। कहिले कतै जमेको रगतका थेग्राको रुपमा पनि देखापर्दछ । माथि उल्लेखित प्रत्येक प्रस्तुतिको भिन्नाभिन्नै र हस्य हुन्छ । कहिलेकाहीं विशेष गरी धावकहरुमा धेरै लामो समयसम्म दौडनाले देखापर्दछ।

माथि उल्लेखित तथ्यहरुका आधारमा ज्वभ्कबतगचष्ब को कारण पत्ता लगाउनु एक चिकित्सकका लागि रहस्यमय र चुनौतीमय हुन्छ भने विरामीका लागि यो एक संवेदनशील अवस्था हुन्छ। चिकित्सकले आफ्नो दायित्व पूरा गर्न विरामीसँग विस्तृत छलफल गर्नुका साथै विभिन्न परीक्षणहरु गर्नु पर्ने हुन्छ। जस्तै :- X-ray, Ultrasoography, Cystoscopy, Uretero Renoscopy, CT Scanning, MRI आदि आवश्यकतानुसार। Haematuria को कारण र स्रोत पत्ता लगाएपछि मात्र उपचार प्रारम्भ गर्न सकिने हुनाले यस अवस्थालाई मामुली ढङ्गले उपचार गर्नु वा विरामीले हेलचक्र्याई गर्न सर्वथा अनुपयुक्त हुन्छ।


## जग्गा विक्रिमा

यस कीर्तिपुर बस्ति बिकास प्रा.लि. को नाममा रहेको साविक का.जि मच्छेगाउँ गा.वि.स वडा नं ७ ग को जम्मा क्षेत्रफल १०(४(१(२ को आकर्षक जग्गा विक्रिमा रहेकोले खरिद गर्न इच्छुक व्यक्ति वा संस्थाले मिति २०७२/१०/२६ गते भित्र सम्पर्क गर्न हुन सूचित गरिन्छ ।

**कीर्तिपुर बस्ति बिकास प्रा लि.**

**सम्पर्क नं. ४३३५५५१**


## नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाको सूचना

नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाका कार्य समिति पदाधिकारीहरुको कार्यकाल विधान अनुसार समाप्त भइ नयाँ कार्य समिति गठन गर्नुपर्ने भएको र अन्य विविध कुरामा समेत छलफल गर्नुपर्ने भएकोले माघ मसान्त सम्म सम्पूर्ण साधारण सदस्य एवं यस संस्थाप्रति आस्था हुने सम्पूर्ण महानुभावहरु सक्रिय सदस्यज्यूहरुमा सदस्यता भएर र पहिला सदस्य भएका सम्पूर्ण सदस्यहरुले सदस्यता नविकरण गर्नुहुन हार्दिक अनुरोध गर्दछौं पुनश्च मिति २०७२ फागुन ८ गते साधारणसभा हुने भएकोले यसैलाई सूचना मानी सदस्यता नविकरणका साथै निम्न स्थान र समयमा साधारण सभामा उपस्थिति भै दिनुहुन समेत अनुरोध गर्दछौं ।

**सम्पर्क गर्ने व्यक्ति र स्थान**

वच्चुराम दाहाल शर्मा ९८४९२८०३४८
शोभा महर्जन शाक्य ९८०३५३९१६५
चन्द्रसूर्य फार्मेसि प्रा. लि. नयाँ बजार पांगा दोवाटो, कीर्तिपुर

**स्थान : कृष्ण क्याटरिङ, नयाँबजार, कीर्तिपुर १७**
**समयः विहान १० बजेदेखि २ बजे सम्म**

**नेपाल मानव अधिकार संगठन**
कीर्तिपुर शाखा




# स्वर्गिय शुकराम दाइया स्वस्थानी बाखं

*नेपालभाषाया नाटक साहित्य, संगित ख्यः व थीथी समाजिक सेवाय् मन क्वसाय्का समाज सेवा याना २०६२ साल मंसिर महिनाय् ८० दँय् दिवंगत जुयादीम्ह पाँगा भुजिन्द त्वाःया शुकर म महर्जनं थीथी सफूत ब्वनाः नेवाःतसें थुइक मांभाय् नेपालभाषां च्वयादीगु माघ लच्छि बाखं कनीगु श्री स्वस्थानी बाखंया सफूया छुं छुं ब्वः थन न्ह्यब्वय् त्यनागु जुल। थुकी छुं भिंके माःसा सुझाव बियादिइत इनाप यानाच्वना (संपादक)*



**(श्रीस्वस्थानी परमेश्वरी व्रतकथाया नींच्यागूगु अध्याय ब्वना दिल आः कथहं ब्वनादिसँ)**

कुमारं आज्ञा जुयाः बिज्यात– हे अगस्त्यमुनि ! अनंलिपा चन्द्रावती शाली नदी खुसि चुइका छ्वगु च्यापा मरि मध्ये न्यापा मरि छम्ह नागिनी नं व मरि लानां स्व स्वं आहा ! थपाय्च्वं अपूर्ण मरि दाता चुइका हःगु जुइ हानं व मरि खं खं भातया ख्वाः लुमना हाय् हाय् थ्व जिम्ह स्वामी गन झायाच्वन जुइ झिदँ झिंन्यादँ दत ख्वाः मखंगु धिक्कार जि नं थुलिमछि दँ दयावने धुंकल नापमलागु अय्नं भात धकाः मालिगु ला गन गन झन लुमंकेगु छकः हे थ्व पापी नुगलं कुतः मया न त वसपोल हे लुमंकाः बिज्यात धिक्कार जिमिगु दम्पति कतपिनी सिना बायाच्वनि जिमि स्वाक स्वाक बाया च्वनेमाल आतक वसपोल सितला स्वातला खँयाखँ छुं मसिल जिगु भाग्य थपाय्चं बांलाःगु मरि प्यपा लाना कायेधुन जिं याकःचा गथे नयेगु व आः छकः लानी स्वे नापलासा म्हति निपा निपा इना नये धकाः सिथं सिथं दथु दथु जःखः उखें थुखें स्वया मामां वनाच्वन।

वहे च्यापा मरि मध्ये प्यपा नाग या ल्हाते लाना आहा गुलि अपूर्व मरि ल्हाते लात थपाय्च्वं बांलाःगु साइ ख्वाः वःगु मरि जि याकःचां जक गथे नयेगु हानं परदेश वयागु झिंनिदँ फुना झिंस्वदँ क्यन अय्नं थ्व नुगलं नःगु मखु छैँय्च्वंपिं मचाखाचा छु नयाच्वन जा नया छु यानाच्वन थ्व खँ नं मस्यू आः छैँय् वनाः जक थ्व मरि इनां नये धकाः छैँय् वने मति तया खुसि खुसिं वयाच्वन।

मन्हरा खुसि व शाली खुसि नापलाइथाय् श्री स्वस्थानी परमेश्वरीयागु प्रशाद मरीं यानाः निम्ह नाग नागिनी नापलात।

नागिनी तसकं लयताया धाल– हे स्वामी ! छि निर्मोही जुयाः थुलिमछि दं तक गन झाया च्वना। जिगु भाग्यं थौं छित नापलात। जिं सुनानं खुसि चुइका हःगु तसकं बांलाःगु मरि लाना तयागु दु छित मनकुसें याकःचां गथे नये धकाः मामां थन थ्यन। का भपी धकाः लानाहःगु मरि निपा नागिनी नागयात बिल।

थ्व खना नागं नं हे नागिनी थथेंच्वंगु प्यपा मरी जिं नं लानाकयागु दु धकाः थःम्हं ज्वनाः वःगु मरी नागिनीयात बिल। नाग नागिनी निम्हेसिनं मरि नये धुंकाली नागं धाल- हे नागिनी झिंनिदँ दत झी नापमलागु थ्वहे मरिं याना थौं नापलात, अथेहे थ्व मरि सुना चुइका हःगु खः वयाः नं कने हे इच्छा पूरा जुइमा, लक्ष्मी प्राप्ति जुइमा, शत्रुनास जुइमा धकाः यक्व यक्व हे सुभाय् बियाच्वन। नागं थजाःगु सुभाय् बिउगु न्यनाः नागिनी नं थ्व मरि चुइका हःम्ह सु खः वइत जि नं सुभाय् बी धकाः धाल वयात नवग्रह नं दुःख मबिइमा न्ह्याबलें लय्ताया रक्षा यायेमा, भूत, प्रेत व पिसाच सुनानं छुं याये मफयेमा राज लक्ष्मी बास जुइमा, हानं झीथें निम्ह मिसा मिजं बायाच्वंगु जूसा याकनं नापलाय्मा धकाः यक्व यक्व सुभाय् बिया नाग नागिनी निम्ह थःगु थासय् वन।

अनंलि लिपा लावण्य देया मनूत खुसिइ मोल्हु वःबलय् चन्द्रावती याकःचा अथे च्वनाच्वंगु खना छ देवकन्या ला ? विधाधर कन्या ला ? स्वर्गया अप्सरा रम्भा तिलोतमा, उर्वशीला ? हानं याकःचा थन छाय् ? धकाः न्यनाच्वन। मनूपिन्सं धाःगु न्यनाः चन्द्रावती नं धाल हे लोकपिं देव कन्या, अप्सरा जि सुं नं मखु। जि वरुणपुरया अग्नि स्वामी ब्राम्हण पुत्री नां चन्द्रावती गोमा ब्राम्हणीया काय् नवराजया जहान खः। म्हिग स्वर्गया अप्सरापिं थ्व शाली खुसि सिथय् वयाः श्री स्वस्थानी परमेश्वरीया धलंदंबलय् जि नं इपिंनाप श्री स्वस्थानी परमेश्वरीया धलं दनाः लच्छि जागा जुयाच्वना धकाः चन्द्रावतीं धाल। लावण्य देया लोकपिं थ्व खँ न्यनाः अजूगति तायका गोमा ब्राम्हणीया काय् नवराज ला झी जुजु खः। थ्व खँ खः मखु झी जुजुयाके न्यनेगु सल्लाह याना जुजुया न्ह्योने वनाः चन्द्रावती ब्राम्हणी धाःगु फुक्कं खं न्यनाः जुजु नवराजं चन्द्रावती लुमंका हे लोकपिं छिमिसं बांलाःगु खँ न्यंकल, चन्द्रावती जिम्ह जहान खः। राज्य ज्यां यानाः पिने तयाः तयागु खः आः छिपिं वनाः कया हिं धकाः मन्त्रीयात सःता धाल हे मन्त्री जिम्ह जहान चन्द्रावती खुसि सिथय् वयाच्वन छ प्रजापिं व थी थी बांलाःगु तिसा वसः लावा लस्कर ज्वनाः लस्वया कयाहिं जिं भच्चा तापाक काः वे धकाः उजं बिया दिल। मन्त्री नं लायकुली बाजा थाय्का सूचं बिया दक्व प्रजापिं लिउ लिउ तयाः बाजा व लावा लस्कर ज्वना चन्द्रावतीयात लस्वया का वन। चन्द्रावतीया न्ह्योने ल्हा निपां ज्वज्वलपा यानाः धाल– हे महारानी नवराज जुजुं छित कायके छ्वयाहःगुलिं जिपिं वया। थ्व हयागु वसः तिसाः पुना डोलीच्वना बिज्याउँ।

चन्द्रावती नं हे स्वस्थानी परमेश्वरी जि स्वामी नवराज याकनं नापलायमा धकाः श्री स्वस्थानी परमेश्वरीयात हानं हानं दण्डवत प्रणाम यात। हे करुणामय छित कोटिकोटि प्रणाम दु, दुःखया सागरे डुबिनाच्वंम्ह जि पापीयात दुःखया सागरं पार याना लावने देशया महारानी यानाः बिज्यात। हे लोकेश्वरी छित कोटिकोटि ज्वज्वल्पा दु। सकस्या नुगः द्यः जुयाः दिम्ह ! छिगु सुदृष्टिं ब्रम्हां चतुर्दश भुवन दयेके फत थजाःम्ह छपिंन्त कोटिकोटि नमस्कार दु धकाः मनं यक्को लय्तातां वसः तिसाः पुना डोली च्वना बाजा गाजा लस्कर व प्रजापिं ल्यू ल्यू तयाः लावण्य देशय् वन। चन्द्रावती लायकू लिक्क थ्यन धैगु खबर न्यनाः लावण्यया मिसात स्वबलय् गुम्हेसिया जाः थुं थुं त्वःता वल, गुम्हेसिया जा न नं ल्हा मस्यूसे प्याहांवल, गुलिं मचात त्वःता वल। ब्वाँ ब्वाँ वया गुलिसियां ल्हा त्वल्हुत गुलिसियां तुति त्वल्हुत। नवराज जुजुं चन्द्रावती थ्यन धैगु खबर न्यनाः लोखा थ्यंक वयाः काः बिज्यात। अले अनंनिसें नानां मंगल याना नापं लसकुस याना दरबारय् यंकाः बिज्यात।

**इतिश्री स्वस्थानी परमेश्वरी चन्द्रावती राजगृह प्रवेशो नाम नींगुगू अध्याय ॥२९॥**


हामी विद्यार्थी संख्यामा होइन, गुणस्तरीय शिक्षामा विश्वास गर्छौं

BBS तेस्रो बर्षमा (५७ मा ४१) ७२%

विद्यार्थी उत्तीर्ण हुनु भएकोमा सम्पूर्ण विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई

हार्दिक बधाई

विद्यालय तह, +2 तह र स्नातक तहको नतिजा – दक्षिणी भेगमै उत्कृष्ट

गुणस्तरीय शिक्षाको लागि BBS र BEd मा

मङ्गल बहुमुखी क्याम्पसमा

नयाँ भर्ना खुल्ला छ ।

सम्पर्क

मङ्गल बहुमुखी क्याम्पस

कीर्तिपुर

४३३०५४४, ४३३५५६०, ८९४१३०१८८६, ९८४१३५६५९९

# बचत आजको आवश्यकता

# विश्वसनियताको एउटै थलो

# निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लिमिटेड

तःगवपि कीर्तिपुर

फोनः ४३३२८८१

# हिलटाउनमा हस्तकला प्रदर्शनी



हिलटाउन उच्च मा.वि., कीर्तिपुरका कक्षा ५देखि ८ सम्मका विद्यार्थीहरुले गत वर्षहरुमा झैं यस वर्ष पनि पेशा तथा व्यवसाय विषय अन्तर्गत थुप्रै सिर्जनात्मक क्रियाकलापहरु प्रस्तुत गर्दै आएका छन् ।

विषय शिक्षक श्री सुरेश महर्जनको नेतृत्वमा सम्पन्न विविध क्रियाकलापहरु मध्ये गत माघ ८ गते, शुक्रबारका दिन विद्यालयको प्रांगणमा गरिएको प्रदर्शनी पनि हो ।

ललितकलाको अनुपम नमूना झल्किने वस्तुहरुको प्रदर्शन गरिएको थियो ।

विशेषतः कक्षा ६,७ र ८ का छात्र, छात्राहरुद्वारा निर्मित उक्त हस्तकलाका नमुनाहरु निकै आकर्षक, समय सान्दर्भिक तथा आफ्ना मनका भावनाहरु प्रतिविम्वित हुने खालका थिए । सजिएका वस्तुहरुको अवलोकन कक्षा एल.के.जी.देखि कक्षा १० सम्मका सम्पूर्ण विद्यार्थीहरुले निकै रुचीका साथ गरेका थिए । ती मध्ये कक्षा ९ र १० का विद्यार्थीहरु तथा शिक्षकहरुको भोटिङबाट तीन उत्कृष्ट हस्तकला छनौट गरिएको थियो भने त्यसका सिर्जनाकारहरुलाई अर्को दिन बिहानी प्रार्थनासभामा पुरस्कारसहित सम्मान गरिएको थियो ।

# हिलटाउनमा नाटक प्रतियोगिताको रौनक




विद्यार्थीहरुमा नेतृत्व विकास, समूहमा काम गर्ने शैलीको विकास, आत्मीय भावको विकास जस्ता विभिन्न उद्देश्यका साथ स्थापना गरिएका विभिन्न बाल क्लबहरुमध्ये ड्रामा क्लबले यही माघ १० गते, आइतबार नाटक प्रतियोगिताको आयोजना गऱ्यो ।

दिइएका कथाको सरोफेरोमा रही करिब १० मिनेटको नाटक प्रस्तुत गर्नु पर्ने नियमानुसार कक्षा ५ देखि कक्षा ९ सम्मका जम्मा ७ समूह प्रतिस्पर्धामा सहभागी भएका थिए ।

प्रतिस्पर्धी समहूहरु मध्ये कक्षा ९ का छात्राहरुको समूह प्रथम हुन सफल भयो भने कक्षा ७ का छात्रछात्राहरुको समूहले दोस्रो स्थान हासिल गरे ।

दुबै विजयी समूहलाई ड्रामा क्लबका पदाधिकारीहरुले पुरस्कार तथा बधाई ज्ञापन गरे ।

# कीर्तिपुरमा भारतको ६७ औं गणतन्त्र दिवस

मित्रराष्ट्र भारतको गणतन्त्र दिवको उपलक्ष्यमा विभिन्न स्थानमा विभिन्न कार्यक्रम गर्ने क्रममा कीर्तिपुरमा पनि गोष्ठि कार्यक्रमको आयोजना गरियो ।

स्वर्णिम सौगात वचत तथा ऋण सहकारी संस्था लि. को सभाहलमा मित्रराष्ट्र भारतको ६७ औं गणतन्त्र दिवसको अवसरमा नेपाल भारत मैत्री संघ कीर्तिपुर उप शाखाको आयोजनामा गत माघ १२ गते विचार गोष्ठी सम्पन्न भयो । नेपाल भारत मैत्री संघ कीर्तिपुर उपशाखाका अध्यक्ष राजकुमार महर्जनको अध्यक्षतामा भएको विचार गोष्ठीमा मैत्री संघका आजिवन सदस्य एवं उपशाखाका सल्लाहकार निलकण्ठ अमात्यवात गणतन्त्रको बारेमा चर्चा गर्नु भएको थियो ।

सोहि कार्यक्रममा उपशाखाका सल्लाहकार प्रा. डा. रामकृष्ण महर्जनवाट सदियौंदेखि चलिआएको मित्रता हालका दिनमा अझ प्रगार हुदै गएको, केहि साना तिना असहजता देखिएतापनि सहजै निराकरण हुने मनसाय व्यक्त गर्नु भयो ।

गोष्ठीमा सभापतित्व गर्नु भएका नेपाल भारत मैत्री संघ कीर्तिपुर उपशाखाका अध्यक्ष राजकुमार महर्जनले कार्यक्रमको समापन गर्दै हालका दिनमा देखा परेका दुई देश बीचको असहज परिस्थितिले दुई देशवीचको गहिरो सम्वन्धमा कडापि आँच नआउने मनसाय व्यक्त गर्नु भयो ।


# हार्दिक बधाई तथा शुभकामना



यस मेगस ई.स्कुल कीर्तिपुर नयाँबजारमा अध्ययनरत कक्षा-७ की छात्रा सुश्री कृतिका श्रेष्ठ नेपाल सरकार युवा तथा खेलकूद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकूद परिषद्को संयोकत्वमा जिल्ला खेलकूद समिति काठमाण्डौंद्वारा आयोजित निर्वाचन क्षेत्र नं. १० अन्तर्गत भएको सातौं राष्ट्रपति रनिङ तथा विद्यालय खेलकूद प्रतियोगिता–२०७२ मा लङजम्प (महिला तर्फ) प्रथम भई क्षेत्रीय स्तरको प्रतियोगितामा छनौट हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको उत्तरोउत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

पिन्सिपल

**प्रदिप रेग्मी**

तथा

विद्यालय परिवार

**मेगस ईङलिस स्कूल, कीर्तिपुर**






## Sale ! Sale !! Sale !!!

**Asian Paints And Plywood Whole Sale Rate मा श्री श्री सहकार्य हार्डवेयर हाउस प्रा.लि.**

सम्पर्क

०१४३३१८१३

Rikesh ९८०८३४०४६५


## बिचाः हायेका



जन्मः वि.सं. १९७८ आश्विन

**मदुम्ह प्राणमाया बज्राचार्य (द्यःमां)**

मदुगुः २०७२ पुस ५ गते

थुगु संस्थाया सक्रिय दुजःपिं किरणकुमार बज्राचार्यया मां व शान्ति बज्राचार्यया माजु **प्राणमाया बज्रचार्य (द्यःमां)** वंगु पुस ५ गते ९४ दँय् मदुगुलिं श्रद्धाया छपासः स्वां देछासें बिचाः हायेकाच्वना । थुगु दुःखया इलय् दुःखंकःपिं छैँजःपिं सकसिनं संसारया अनित्य स्वभावयात थुइका धैर्य धारण याये फयेमा धकाः आशिका यानाच्वना ।

**ज्ञानबहादुर महर्जन नेवाः**
**संघरत्न बज्राचार्य**
**प्रो. पुर्णमान महर्जन**
**डा. कविन्द्र बज्राचार्य**
**गणेशमान महर्जन**
**कृष्णभक्त महर्जन**
**मनोज महर्जन**
**बुद्धकुमार महर्जन**
**न्हुच्छेबहादुर महर्जन**
**विश्वमुनि बज्राचार्य**

चिलिन चिगङ्ग, प्रमोशन, नेपाः

किपू शाखा परिवार

## भावपूर्ण श्रद्धाञ्जली



वि.सं. १९८७श्रावण २९ गते

स्वार्गारोहन वि.सं. २०७२ माघ ६ गते

स्व. उजेली श्रेष्ठ

यस संस्थाका शिक्षा उप–समितिका सदस्य श्री उत्तमसागर श्रेष्ठका पूज्यनीय माता **उजेली श्रेष्ठ**को असामयीक स्वर्गारोहण भएकोमा गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माको चीर शान्तिको कामनाका साथ उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्राप्तहोस् भन्ने कामना सहित समवेदना व्यक्त गर्दछौं ।

**खड्ग भवानी वचत तथा ऋण सहकारी संस्था लि. परिवार**

नयाँबजार, कीर्तिपुर–३

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि.सं. १९९३ भाद्र २ गते

स्वार्गारोहन वि.सं. २०७२ पुष २५ गते

स्व. बहादुर कृष्ण श्रेष्ठ

यस संस्थाका ऋण असुली उप–समितिका सदस्य श्री गोपाल श्रेष्ठको श्रद्धेय मामा तथा शेयरधनी सदस्यहरु श्री निलकण्ठ श्रेष्ठ र श्री श्रीकण्ठ (प्रदिप) श्रेष्ठका पूज्यनीय पिता बहादुर कृष्ण श्रेष्ठको असामयीक स्वर्गारोहण भएकोमा गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माको चीर शान्तिको कामनाका साथ उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्राप्तहोस् भन्ने कामना सहित समवेदना व्यक्त गर्दछौं ।

**खड्ग भवानी वचत तथा ऋण सहकारी संस्था लि. परिवार**

नयाँबजार, कीर्तिपुर-३



प्रमाणित सुन तथा चाँदीका गहनाका लागि



# पद्ममिनि

*Jewellers*



अहिले पनि पद्ममिनिको गहना जहिले पनि

सुन भनेको विश्वास हो

२४ क्यारेट भनेर किने पछि
२४ क्यारेट नै हुनुपर्छ

सुनका गहना, आर्कषक
डिजाईन र भरपर्दो हुनुपर्छ

स्थान : त:ग वपी,नगाऊँ ढोबाटो, कीर्तिपुर-१७
सर्म्पक : ९८०२०१३७८०